स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

भदौ १ गते भिन्न दुई फिल्मका पोस्टर रिलिज भए । चित्रण गरिएका कलाकार चाहिं एउटै । 'एक भगवत् गीता'को पोस्टरमा विपिन कार्की पारालैंगिक चरित्र कमलामाईको अवतारमा थिए । 'पशुपतिप्रसाद २'को पोस्टरमा चाहिं भष्मे डनको चरित्रमा । प्राय: फिल्मको पोस्टर आउने बेला हल्ला कमै हुने गर्छ तर, यी दुई फिल्मका पोस्टरले राम्रै चर्चा बटुले । विपिनको एउटै पोस्टरले अन्य फिल्म र कलाकारलाई छायामा पारेको चर्चा पनि चल्यो । विपिनको लाइनअपका दुई प्रतीक्षित प्रोजेक्ट हुन् ।

आजको विचार...

ग्रामीण...
(दुई पेजमा)

हुमराज भुसाल

'होस्टेल'लाई डेब्यु मान्ने हो भने सलोन बस्नेतको अभिनय करिअरले दशक पार गऱ्यो । त्यसअघि पनि दर्जन फिल्ममा बाल कलाकारको रुपमा काम गरे । उनको पछिल्लो फिल्म 'जय हो' शुक्रबारदेखि रिलिज हुँदैछ । 'होस्टेल'पछि उनले जति पनि फिल्म गरे, त्यसमा उनलाई सहायक चरित्र वा कमिक क्यारेक्टरमा मात्र राखिएको थियो । अब भने सलोनलाई अहिलेसम्मको 'ट्रेडमार्क' बदल्नुपर्छ भन्ने लागेको छ । तपाईंले यो फिल्मको ट्रेलर हेर्नुभएको छ भने यसमा सलोन गम्भीर प्रेमीको भूमिकामा छन् ।

❐ वर्ष २९ ❐ अंक ३९ ❐ २०८० भदौ ७ गते बिहीबार 24 August 2023, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

पुल भत्किँदा १७ मजदुरको मृत्यु

(रासस/एएनआई) —

आइजल (मिजोरम), भदौ ६/ मिजोरमको आइजल जिल्लामा बुधबार बिहान निर्माणाधीन रेलवे पुल भत्किँदा कम्तीमा १७ जना कामदारको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरी अधिकारीहरुका अनुसार यो घटना मिजोरमको राजधानी आइजलबाट करिब २० किलोमिटर परअवस्थित सैराङ क्षेत्रमा भएको हो । पूर्वोत्तर रेलवेका प्रमुख जनसम्पर्क अधिकृत सब्यसाची डेले रेलवे अधिकारीहरूको एउटा टोली घटनास्थलमा पुगेको छ । दुर्घटनामा घाइते भएकाहरूका पूर्ण विवरण प्राप्त भइनसकेको बताइएको छ । यसैबीच, घटनास्थलमा खोज तथा उद्धार जारी रहेको जनाउँदै प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यालयले मृतकका परिवारलाई दुई लाख क्षतिपूर्ति दिइने जनाएको छ । प्रधानमन्त्री मोदीले दुर्घटनाको खबरबाट आफू मर्माहत भएको उल्लेख गर्दै शोकाकूल परिवारजनप्रति समवेदना व्यक्त गरेका छन् ।

सुध्रिँदै पाल्पा अस्पतालको सेवा

- ● सेवा, सुविधा विस्तारसँगै बिरामीको आकर्षण
- ● ९५ प्रतिशत औषधि अस्पतालबाटै उपलब्ध
- ● रेफर सेन्टरबाट उपचार सेन्टर बन्दै
- ● विहान ८ बजेदेखि नै ओपिडी सेवा

रामचन्द्र रायमाझी —

पाल्पा, भदौं ६/कुनै समय 'राम्रो उपचार हुँदैन, औषधि पनि पाइदैन, फोहोर र अव्यवस्थित छ' भन्ने टिप्पणी सहन बाध्य पाल्पा अस्पताल यतिखेर सबैको आकर्षणमा पर्न थालेको छ । व्यापक सुधारपछि व्यवस्थित बन्दै गएकाले यो अस्पताल पछिल्लो समय सबैको नजरमा पर्न थालेको हो ।

आकस्मिक कक्ष, ओपिडी, जनरल वार्ड, एक्स-रेलगायत कक्ष तथा शौचालयहरू सफा छन् । अस्पताल परिसरको सरसफाइमा पनि उत्तिकै ध्यान दिइएको छ । ओपिडीलगायत कक्षहरूमा चिकित्सक र स्वास्थ्यकर्मी नभेटिने अवस्थामा सुधार आएको छ । स्वास्थ्य बिमाका विरामीहरुको रेफर सेन्टरको रुपमा समेत आलोचना खेपेको अस्पतालको सेवामा अहिले धेरै नै सुधार हुँदै गएको हो । रेफर सेन्टर नभई उपचार सेन्टरको रुपमा अस्पतालले आफ्नो सेवा प्रवाह गरेको छ । पछिल्ला केही दिनयता अस्पतालको सेवामा सुधार हुँदै गएको अनुभव सेवाग्राहीले गरेका छन् । खासगरी, सरसफाइलगायत व्यवस्थापकीय पाटोमा देखिने गरी सुधार भएको छ । अव्यवस्थित वार्डहरू, जताततै फोहोर र दुर्गन्ध, पानीसमेत नहुने दुर्गन्धित शौचालयहरू अहिले तुलनात्मक रूपमा व्यवस्थित, सफा र चिटिक्क पारिएका छन् । व्यवस्थापकीय पक्ष मात्र होइन, अस्पतालको उपचार सेवामा पनि केही सुधार आएको सेवाग्राहीले महशुस गरेका छन् ।

बुवालाई लिएर जिल्ला अस्पताल पुगेका रैनादेवी छहराका दिनेश कार्कीले अस्पताल धेरै राम्रो भएको बताए । उनले बुवालाई पेटको समस्या देखिएपछि उपचारका लागि अस्पताल आइपुगेको जानकारी दिए । मंगलबार उपचारका लागि आएका रम्भाको ताहुँका लिला सारुले पहिलाभन्दा फरक पाए । उनको अनुभवमा पहिला अस्पतालको शौचालय जानै नसक्ने खालका थिए । 'अहिले ट्वाइलेट जाँदा मुख थुन्नुपर्ने अवस्था रहेनछ,' उनले भने । औषधि लिन टोकन लिएर पालो पाउने, बिरामी प्रतिक्षालय, पर्याप्त पानी, डाक्टरलाई कुर्नु नपर्ने, धेरै जसो औषधि पाउने लगायत थुपै कुरा व्यवस्थित भएको देखे । यद्यपि बिरामीको चाप बढी हुँदा पर्चा काट्न र उपचारका लागि लामो समय कुर्नुपर्ने बाध्यता भने कायमै रहेको उनको अनुभव छ ।

अस्पताल विकास समितिको अध्यक्ष गुराँस आत्रेयले अस्पतालको सेवालाई गुणस्तरीय र व्यवस्थित बनाउँदै लगिको बताए । उनले अस्पतालको सरसफाईदेखि औषधिको लागि रिफर लिनु नपर्ने बनाउनका लागि अस्पतालको फार्मेसीमा नियमित खाने औषधिको व्यवस्था गरिएको बताए । उनका अनुसार ९५ प्रतिशत औषधि अस्पतालले उपलब्ध गराउँदै आएको छ । विरामीहरुको सेवालाई मध्यनजर गरी अहिले विहान ८ बजेदेखि ओपिडी सेवा सञ्चालन गरिएको, पर्याप्त औषधि सहित फार्मेसी व्यवस्थापन गरिएको, ओपिडि व्यवस्थापन तथा डाक्टर थप गरिएको, ल्यावमा सेवा र जनशक्ति थप गरी प्रभावकारी डिजिटल रिपोर्ट उपलब्ध हुने गरेको अध्यक्ष आत्रेयले बताए । उनले भने 'हामीले भर्ना दर बढाउन बिरामीलाई नि:शुल्क एम्बुलेन्स सेवा, बीमा गरेका विरामीहरुलाई बीमाबाटै औषधिको व्यवस्था गरिएको छ भने गरिब, असहायलाई सामाजिक सेवा अन्तर्गत नि:शुल्क औषधिको व्यवस्था गरेका छौं ।' यस्तै अस्पतालले रेडियोलोजिष्ट लगायतका विशेषज्ञ सेवा थप, शौचालय निर्माण तथा व्यवस्थापन, बिरामी प्रतिक्षालय निर्माण तथा व्यवस्थापन, अक्सिजन प्लाण्ट सञ्चालन गरी त्यसबाट आम्दानी, उपकरण र कर्मचारी व्यवस्थापन, फोहोर व्यवस्थापन जस्ता महत्वपूर्ण कार्यहरु समेत गरेको छ । स्तरिय भवन निर्माणका लागि जग्गाको खोजि भइरहेको अध्यक्ष आत्रेयले बताए । उनले भने स्वास्थ्य सेवालाई थप गुणस्तरी बनाउन हामीले भवन निर्माण, विशेषज्ञ डाक्टर थप, अप्रेसन कक्ष र स्तरीय ल्याब निर्माण, स्टाफको दुर्घटना बिमा, एम्बुलेन्स थप जस्ता योजना बनाएका छौं ।'

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. विवेक भण्डारीले सेवा विस्तार गर्दै जाँदा विरामीको चाप अध्याधिक बढेको बताए । उनले मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा स्वास्थ्य बिमा कार्यक्रम बन्द भएपछि सरकारी अस्पतालमा विरामी बढेको समेत बताए । मेसु भण्डारीले भने 'हामी कहाँ २ सयदेखि २ सय ५० विरामी हेर्न सकिने क्षमता भएपनि दैनिक ४ सय विरामी हेर्नु परेको छ ।' अहिले अस्पतालका १५ बेड नै भरिएका छन् । अस्पतालमा पाल्पा लगायत गुल्मी, अर्घाखाँची, स्याङ्जा जिल्लाबाट समेत विरामीहरु उपचारका लागि आउने गरेका छन् । दरबन्दी अनुसार ६० जना स्वास्थ्यकर्मी अस्पतालमा हुनुपर्ने भएपनि हाल १६ जना मात्र छन् । बाँकी सबै व्यवस्थापन समिति, नेपाल सरकारको करार र विभिन्न कार्यक्रममार्फत पूर्ति गरिएको छ । अस्पतालमा ११ जना विशेषज्ञ चिकित्सको दरवन्दी भए पनि एक जना पनि छैनन् । ६ जना मेडिकल अधिकृतमा ३ जना र स्कलरसिपमा २ जना गरी ५ जना डाक्टर रहेका छन् । अस्पतालले २४ सै घण्टा आकस्मिक सेवा, स्त्री रोग, प्रसूति सेवा दिइरहेको छ । शल्यक्रिया, दन्तरोग, मानसिक रोग, फिजियो थेरापी, आँखा जाँच, स्वास्थ्य बीमा सेवा, अल्ट्रासाउण्ड सेवा सञ्चालन भइरहेको अस्पतालले जनाएको छ ।

अवरुद्ध संसद् खुल्यो

पाल्पा, भदौ ६/गत साउन १० देखि अवरुद्ध हुँदै आएको संसद् बुधबारबाट सञ्चालन भएको छ । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले सुनकाण्डको छानबिनको माग राखी अवरुद्ध गर्दै संसद् सहमति पछि सञ्चालन भएको हो ।

छानबिनका लागि आयोग गठन गर्ने दलहरुबीच सहमति भएपछि बुधबार बैठक चलेको हो । प्रतिनिधिसभाको बैंठक सुरु भएलगत्तै उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले प्रतिनिधिसभालाई सुनकाण्ड छानबिनका लागि उच्चस्तरीय आयोग बनाउने दलीय सहमतिको जानकारी गराएका थिए । एमालेले उक्त आयोग असोज ५ मा गठन गर्नेमा सहमत भएको छ । दुई बुँदे सहमतिमा साउन ५ गते सरकारले जाँचबुझ आयोग ऐन २०२६ अनुसार आयोग गठन गर्ने सहमति भएको हो । संगठित अपराधमा अभियोजन दर्ता गर्न भदौ २९ मा ६० दिन पुग्ने र त्यसपछिका केही दिन सार्वजनिक विदा परेकाले असोज ५ मा आयोग गठन गर्ने विषयमा एमाले तयार भएको बताइएको छ ।

निरन्तर अवरोधका कारण आम जनताका जल्दाबल्दा विषयमा छलफल र नियमित कार्यसूचीमा संसद् प्रवेश गर्न सकेको थिएन । साउन २ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट क्विन्टलभन्दा बढी सुन राजश्व अनुसन्धान विभागले बरामद गरेको थियो । त्यसको छानबिन सुरुमा राजश्व अनुसन्धान विभाग गरेको थियो । पछि नेपाल प्रहरीको राष्ट्रिय अनुसन्धान ब्यूरो (सीआईबी)ले गरिरहेको छ । एमालेले उक्त सुन तस्करीको छानबिन गर्नका लागि उच्चस्तरीय समिति गठन गर्न संसद् अवरोध गरेर दबाब दिर्दै संसद अवरुद्ध गर्दै आएको थियो ।

त्रिशूली नदीमा बस खस्दा : आठको मृत्यु, १७ घाइते

मलेखु, भदौ ६/धादिङको गजुरी गाउँपालिका-२ चालिसेस्थित छहरामा बुत्रबार दिउँसो बस दुर्घटनामा भएको छ । काठमाडौंबाट पोखरा हुँदै म्याग्दीको बेनितर्फ जाँदै गरेको प्रदेश ३-०१-००५ ख ९९५२ नम्बरको बस अनियन्त्रित भइ सडकबाट त्रिशूली नदीमा खसेको थियो ।

दुर्घटनामा परी आठ जनाको मृत्यु भएको छ, भने १७ जना घाइते भएका छन् । मृत्यु हुनेमध्ये चार जनाको सनाखत भएको छ । सनाखत हुनेमा म्याग्दी रघुगंगा-३ का ५० वर्षीय थानबहादुर भण्डारी, पर्वत मोदी-१ की १५ वर्षीय कृतिका शर्मा पौडेल, धादिङ गजुरी-८ का अन्दाजी २० वर्षीय सुशील रम्तेल र कास्की फुलबारी-११ का अन्दाजी २४ वर्षीय सुमन थापा छन् । दुई महिला सहित छ जना पुरुषको दुर्घटनास्थलमै मृत्यु भएको छ । मृतक एकजना महिला र तीन जना पुरुषको सनाखत हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए । सहचालक रोशन तामाङका अनुसार १९ जनाले काउण्टबाट र दुई जनाले 'इ सेवा'बाट टिकट लिएका थिए । कलङ्कीबाट दुई जना र धादिङको आदमघाटबाट दुई जना पुरुष बसमा चढेका सहचालक तामाङले बताए । उनी सकुशल रहेका छन् । बसमा सवारमध्ये १७ जना घाइते छन् । उद्धार गरिएकाहरुमा १३ जनालाई उपचारका लागि काठमाडौं पठाइएको छ भने चार जनाको गजुरी सामुदायिक अस्पतालमा उपचार भइरहेको छ । बस नदीमा डुबेकाले यात्रु डुबेको या खोलाले बगाएको आशंकामा गोताखोरको टोलीले थप यात्रुको खोजी गरिरहेको छ । उद्धारमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासी खटेका छन् । साँघुरो सडकमा 'ओभरटेक' गर्न खोज्दा अनियन्त्रित भएर बस खसेको प्रारम्भिक अनुमान गरिएको छ । तर दुर्घटनाको कारण अनुसन्धान भइरहेको प्रहरीले बताएको छ । **-रासस**



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

मिडिया सम्मेलन : प्रतिवद्धता कार्यान्वयनसँगै निरन्तरता देऊ

सञ्चार माध्यमहरुको समस्या पहिचान, समाधानका उपाय, संस्थागत विकास र व्यावसायिक एकरुपता कायम गर्न भन्दै बुटवलमा मिडिया सम्मेलन गरियो । भदौ १ र २ गते भएको सम्मेलनमा लुम्बिनी प्रदेशका मिडिया हाउसलाई संगठित गर्दै हालदेखिएको आर्थिक संकट समाधानका उपाय खोज्ने र प्रदेश, स्थानीय सरकारका गतिविधी, क्रियाकलाप, सफलताका कथाहरु, उत्पादन र उद्यमशील स्थानीय उद्यमीका क्रियाकलापहरु मिडियाहरुमा बढी भन्दा बढी कभरेज हुन सकुन् भन्ने सोंच सम्मेलनको हो । सोही अनुसार सम्मेलनले १३ बुँदे घोषणापत्र जारी गर्दै सञ्चार गृहहरुमा देखिएको आर्थिक संकट समाधानका लागि तीन तहकै सरकार गम्भीर बन्नुपर्ने र तीनै तहका सरकारलाई बलियो बनाउन मिडिया हाउसहरु लाग्ने माग गरेको छ । सम्मेलनमा प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले मिडियाहरु सवलीकरणमा प्रदेश सरकार कटिवद्ध रहेको समेत प्रतिवद्धता व्यक्त गरेका छन् । मुख्यमन्त्रीले गरेका प्रतिवद्धताहरु कार्यान्वयन भएको खण्डमा लुम्बिनीका मिडियाले भावी दिनमा आर्थिक संकट व्यहोर्न नपर्ने विश्वास गर्न सकिन्छ ।

सरकारहरुले स्थानीय मिडियाहरुको प्रवर्द्धनमा लगानी गर्ने वातावरणका लागि सम्मेलनले तय गरेका १३ बुँदे घोषणा पत्रले सम्मेलनको उचाइलाई थप बढवा दिएको छ । मिडिया सम्मेलनले प्रदेश मात्रै होइन, देश भरिनै नयाँ सन्देश र उत्साह थपेको छ । यो अत्यन्त राम्रो पक्ष हो । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, बरिष्ठ पत्रकारहरु कनकमणि दिक्षित, युवराज घिमिरे, बालकृष्ण चापागाई जस्ता दर्जनौ अग्रज पत्रकारहरुको उपस्थितिले सम्मेलनलाई थप प्रभावकारी भएको छ । प्रकाशन तथा प्रशारण संघ लुम्बिनीले मिडियाको विकास र प्रवर्द्धनका लागि सरकारहरुले निर्माण गर्ने कानुन, मिडियामैत्री बनुन् भन्ने उद्देश्य राखेर गरेको सम्मेलन आफैमा अत्यन्तै प्रभावकारी देखिएको छ । सम्मेलनले सरकार, मिडिया, निजी क्षेत्र आर्थिक सम्वृद्धिका लागि एक अर्का बीचका परिपुरक हुन भन्ने कुरालाई महत्व दिएको अवस्था देखिन्छ । सम्मेलनको अर्को विशेषता केवल छापा माध्याम मात्र नभएर, विद्युतीय र श्रव्य, दृश्य प्रसारण गर्ने मिडिया र सोसल मिडियाका सञ्चालकहरु समेत सहभागी भएका कारणले गर्दा सबै पक्षको समान सहभागितालाई प्रतिविम्वित गरेको पाइन्छ । मिडियाका समस्याहरु उजागर गर्ने कार्यमा सहयोगी बन्ने खालका यस्ता सम्मेलन र अन्तर्क्रिया बेला–बेलामा हुने परम्परालाई निरन्तरता दिने हो भने मात्र आवाज विहिनहरुको आवाज, प्रेस र प्रेसका लागि लोकतन्त्रको परिकल्पना पुरा हुन सक्छ । अन्यथा सधै एक आपसमा समस्याहरु साँधेर राख्ने बाहेक केही पनि हुन सक्दैन । यसर्थ सम्मेलनबाट भएका हरेक प्रतिवद्धता कार्यान्वयन गर्दै आगामी दिनमा समेत यस्ता सम्मेलन गर्न सबै पक्ष तयार हुनुपर्छ ।

Opinion @ Social Network

हजारौं सपनाहरू पूरा होस् त भन्दिन,
बस् एउटा मात्र पूरा होस्, जसले हजारौं सपनाहरू समेटियोस् ।

(अस्मिता पाण्डेको फेसबुक स्टाटसबाट www.facebook.com//Asmita.pandey)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

ग्रामीण पर्यटन विकासमा हाम्रा कठिनाइ

हुमराज भुसाल

नेपालको पर्यटन क्षेत्र त्यो समयदेखि चलेको भए पनि पर्याप्त विकास नभएको र ग्रामीण पर्यटनले कुनै नीतिगत तथा कार्यगत प्रक्रियामा प्राथमिकता नपाएको सहजै अनुमान लगाउन सकिन्छ । तर आज समय फेरिएको छ । जसले गर्दा ग्रामीण पर्यटनले प्राथमिकता पाउँदै गएको छ । देशका थुप्रै ठाउँमा नमुना ग्रामीण बस्ती निर्माण तथा सञ्चालन भएका छन् । यो सकारात्मक कार्य हो । ग्रामीण क्षेत्रको गरिबी निवारण गर्न र नेपाली अर्थतन्त्रमा ग्रामीण पर्यटनलाई बढवा दिने योजना बनाइएको थियो । तर विडम्बना तत्कालीन समयमा नै देशमा राजनीतिक अस्थिरताले सोचे अनुसारको उपलब्धि भएन ।

नेपालका हरेक ग्रामीण बस्ती कला, भाषा, संस्कृति र वेशभूषामा अनेकता भएकाले ग्रामीण क्षेत्र पर्यटन उद्योगको विकासको सम्भावना अत्यधिक छ । पर्यटनका माध्यबाटै आर्थिक क्रान्ति गर्न सकिनेमा कुनै शंका छैन । यसै माध्यबाट आर्थिक समृद्धि सरल तथा सहज रूपमा हासिल हुन सक्छ । त्यसका लागि आवश्यक पर्ने वित्त व्यवस्थापन पनि ग्रामीण क्षेत्रबाटै गर्न सकिने आधार प्रशस्त छन् । विश्वमा पर्यटनको इतिहासमा अठारौँ शताब्दीलाई पर्यटनको सुनौलो युग मानिन्छ । विशेष गरी सन् १९४३ देखि १९७३ सम्मको ३० वर्षको अवधिमा यात्राका क्षेत्रमा उल्लेखनीय प्रगति भएको देखिन्छ । नेपालमा भने प्राचीनकालमा व्यापारिक उद्देश्यले पर्यटनको विकास हुन थालेको कौटिल्यको अर्थशास्त्रमा उल्लेख छ । चिनियाँ नागरिकहरूले भारतमा आफ्ना उत्पादन बिक्री गर्न नेपालको बाटो भएर भारत जाने कुरा कौटिल्यले गरेका छन् । नेपालको पर्यटन क्षेत्र त्यो समयदेखि चलेको भए पनि पर्याप्त विकास नभएको र ग्रामीण पर्यटनले कुनै नीतिगत तथा कार्यगत प्रक्रियामा प्राथमिकता नपाएको सहजै अनुमान लगाउन सकिन्छ । तर आज समय फेरिएको छ । जसले गर्दा ग्रामीण पर्यटनले प्राथमिकता पाउँदै गएको छ । देशका थुप्रै ठाउँमा नमुना ग्रामीण बस्ती निर्माण तथा सञ्चालन भएका छन् । यो सकारात्मक कार्य हो । ग्रामीण क्षेत्रको गरिबी निवारण गर्न र नेपाली अर्थतन्त्रमा ग्रामीण पर्यटनलाई बढवा दिने योजना बनाइएको थियो । तर विडम्बना तत्कालीन समयमा नै देशमा राजनीतिक अस्थिरताले सोचे अनुसारको उपलब्धि भएन ।

ग्रामीण बस्तीले भरिएको देश भएकाले यहाँको आर्थिक विकासको सशक्त माध्यम ग्रामीण पर्यटन हो । यहाँ गगनचुम्बी चुचुराहरू, सांस्कृतिक र धार्मिक संयोजनको कारण विश्वका विभिन्न मुलुकहरूबाट बढ्दो मात्रामा पर्यटकहरू आकर्षित तवरले आउने गर्छन् । विश्वको सर्वोच्च शिखर सगरमाथादेखि सन् २०१६ का लागि उत्कृष्ट प्रमुख गन्तव्य पनि ग्रामीण क्षेत्रमै पर्छ । नेपाल आउने पर्यटक विशेषत: हिमशिखरको आरोहण गर्न, मानसिक शान्ति प्राप्त गर्न, विश्व शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल अवलोकन गर्न, एकसिङे गैंडाका बारेमा अध्ययन गर्न तथा विभिन्न कला संस्कृति, धार्मिक सांस्कृतिक स्थलका बारेमा बुझ्न, जैविक विविधताको बारेमा अध्ययन गर्न, जातजातिका बारेमा अध्ययन अनुसन्धानका लागि मुख्य रूपमा आउने गर्छन् । ग्रामीण पर्यटनमा अन्तर्राष्ट्रिय पर्यटक या आन्तरिक पर्यटक पर्दछन् । तर यिनले ग्रामीण क्षेत्रको भ्रमण गरी कम्तीमा एक रात बिताएकै हुनु पर्दछ । ग्रामीण समुदायको रहनसहन एवं त्यहाँको भौगोलिक वातावरणको परिचय दिने खालका योजना बनाएर यसतर्फ पर्यटकलाई आकृष्ट गर्न सकिन्छ । सबै गाउँ क्षेत्रले सबै आकर्षण दिन नसके पनि विविध ग्रामीण वातावरणले विविध कार्यक्रम दिई पर्यटकको गन्तव्य स्थल बन्न सक्छ । नेपालका ग्रामीण क्षेत्रले तिनको भौगोलिक अवस्थिति एवं ऐतिहासिक पृष्ठभूमि अनुसारका सांस्कृतिक र प्राकृतिक दुवैखाले आकर्षण दिन सक्छन् । त्यहाँ पर्यटकहरूले पिकनिक, क्याम्पिङ, माछा पार्ने, पौडी खेल्ने, चरा हेर्ने, प्याराग्लाडिङ, छोटाछोटा दूरीका पदयात्रा, प्राकृतिक दृश्यावलोकन, ऐतिहासिक स्थलको भ्रमण, चाडपर्व र मेलापर्व जस्ता विभिन्न क्रियाकलापमा आफूलाई सहभागी गराउन पाउँछन् । वास्तवमा ग्रामीण क्षेत्रमा जाने पर्यटक लामो समय बस्दैनन् । छोटै अवधिको भए पनि यसले ग्रामीण अर्थतन्त्रमा टेवा पुऱ्याउँछ । ढुवानीको समस्याले अलपत्र परी अनावश्यक रूपमा खपत हुने खाद्यान्न, सागसब्जी, फलफूल वा दुग्ध पदार्थको खपतमा वृद्धि हुन गई ग्रामीण समुदायले उत्पादन गरेका वस्तुको उचित मूल्य प्राप्त गर्ने यो एक सरल उपाय हो । यसका अतिरिक्त अल्प रोजगारी भएको ग्रामीण क्षेत्रमा नयाँ अवसर पनि खुल्छ । ग्रामीण क्षेत्रका जनसंख्याको मुख्य रोजगारी कृषिलाई पनि प्रवर्द्धन गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहायता पुऱ्याउँछ । पर्यटन र यससँग सम्बन्धित क्रियाकलापले अर्थतन्त्रको विकासका लागि आवश्यक पर्ने अन्य पूर्वाधारको समेत विकास गर्न मद्दत गर्छ । ग्रामीण विकासका योजनाकारले पनि सहरका पाँचतारे होटलमा बसेर योजना बनाउँदा ग्रामीण क्षेत्रको विकास नहुने कुरा विकासवादी अर्थशास्त्रीले सन् १९९० देखि नै औँल्याउँदै आएका छन् ।

यसैबीच नेपालको ग्रामीण पर्यटन क्षेत्रसँग सरोकार राख्ने सर्म्पूण पूर्वाधारको विकास गर्नका पर्यटन मन्त्रालयबाट केही कदम चालिए पनि पर्याप्त नभएको कुरा सामाजिक अगुवाबाट नै बताउँदै आइएको छ । नेपालले आर्थिक अवस्थामा सुधार ल्याउन कम लगानी र सुनिश्चित तवरले उपलब्धिलाई संस्थागत गर्नसक्ने क्षेत्र भनेको नै ग्रामीण पर्यटन नै हो । यसको चौतर्फी विकास गर्न आवश्यक पर्ने जनशक्ति नेपाल आफैँले पूर्ति गर्न सक्छ । ग्रामीण विकास भनेको ग्रामीण क्षेत्रमा आर्थिक, सामाजिक बनावट मान्यताहरू अन्तरसम्बन्ध र प्रक्रियाको दूरगामी परिवर्तन हो । ग्रामीण पर्यटनको विकासले निम्न पक्षमा सकारात्मक परिवर्तन ल्याउँछ ।

क. ग्रामीण क्षेत्रमा रोजगारीका अवसरमा वृद्धि,
ख. स्थानीय कला, संस्कृतिको संरक्षण, संवर्धन हुने,
ग. सामाजिक, आर्थिक पूर्वाधारको विकास र विस्तार हुने,
घ. वैदेशिक मुद्राको आर्जन हुने,
ङ. नयाँ नयाँ प्रविधिको आदान प्रदान हुने,
च. मानिसहरूमा बढ्दै गएको व्यक्तिगत स्वार्थीपनामा कमी आउने,
छ. बढ्दो प्रतिभा पलायन तथा पुँजी पलायन केही हदसम्म रोकिने
ज. नयाँ नयाँ लगानीका अवसरको सिर्जना हुने,
झ. आय वितरणमा रहेको असमानतालाई कम गर्न सकिने,
ञ. स्थानीय तहमा रहेको वित्त अभावको समस्याको दीर्घकालीन समाधान गर्न सकिने ।

प्राकृतिक सौन्दर्य, अनुपम संस्कृति, अतुलनीय सांस्कृतिक सम्पदा र अनगन्ती विशिष्टतायुक्त पर्यटकीय स्थलहरूका कारणले नेपाल पर्यटनका लागि प्रमुख गन्तव्य रूपमा विश्वभर परिचित छ । नेपालको ग्रामीण क्षेत्रको पर्यटनमा प्रशस्त सम्भावनाहरू रहेका छन् । तिनको पहिचान गरी समयमै उचित तथा दीर्घकालीन योजना बनाई सफलतापूर्वक कार्यान्वयन गराउनबाट नेपाल सरकार तथा मातहतका कार्यालयहरू नचुकेको खण्डमा नेपाली ग्रामीण पर्यटनले नेपालीहरूको जीवनस्तरमा उल्लेख्य मात्रामा सकारात्मक परिवर्तन ल्याउनेछ । यो कुरालाई विकासवादी अर्थशास्त्रीहरूले प्रस्ट पारेका छन् । तर विडम्बना नेपाली राजनीतिक दलका नेताहरूले स्वदेशको विकासभन्दा विदेशी दाता मुलुकको हितलाई केन्द्रमा राखेर नेपाली युवा पुस्तालाई वैदेशिक रोजगारीमा पठाइरहेका छन् ।

नेपाली ग्रामीण इलाकाहरूलाई हरेक किसिमका पूर्वाधारबाट विकसित र सुविधा सम्पन्न राख्न सकेको अवस्थामा यस क्षेत्रले देशको अर्थतन्त्रमा सकारात्मक तथा दीर्घकालीन प्रभाव पार्न सक्छ । त्यसको प्रत्यक्ष फाइदा स्थानीय स्तरका बासिन्दालाई पर्दछ । यसले स्थानीयस्तरको कला संस्कृति, वेशभूषा संरक्षणमा सचेतना प्रदान गर्दछ । यसबाट महिला तथा पिछडिएका वर्गले समेत प्रत्यक्ष लाभ लिन सक्छन् । नेपालमा पर्यटन उद्योगको विकासका लागि ठूलो सम्भावना छ । नेपालमा आफ्नै किसिमको एक अनौठो र विलक्षण भौगोलिक विशेषता पाइन्छ । यस देशमा प्राचीन संस्कृति, कला र कौशलका अनुपम नमुना यत्रतत्र देख्न पाइन्छन् । नेपाल प्राकृतिक दृश्यले सुशोभित र मनोहर छ । विश्वका अन्य पर्यटकीय क्षेत्रका तुलनामा नेपालको पर्यटकीय क्षेत्र प्राकृतिक रूपमै सुन्दर छन् । तर तिनको उचित प्रचारप्रसार नहुँदा राज्यलाई बर्सेनि करोडौँ रुपियाँको राजस्व घाटा भइराखेको छ भने वैदेशिक ऋणको भार थपिँदै गएको छ । सन् १७३७ को वर्ष नेपालमा युरोपियनहरू भ्रमणमा आएको इतिहास हाम्रासामु छ । तत्कालीन समयमा उनीहरूले नेपालको आर्थिक, सामाजिक, राजनीतिक, धार्मिक अवस्थाका बारेमा अध्ययन अनुसन्धान गर्नका लागि नेपालको भ्रमण गरेको पाइन्छ । नेपाली पर्यटन क्षेत्रको विकासमा १०४ वर्ष जहानियाँ शासन व्यवस्था सञ्चालन गरेका राणाहरूबाट कुनै कदम अगाडि नबढाइएको कुरालाई इतिहासले नै प्रमाणित गरिदिएको छ । त्यसपछि देशमा चलेको सशस्त्र द्वन्द्वले पर्यटन क्षेत्रलाई नराम्रोसँग प्रभावित पऱ्यो । वास्तवमा ग्रामीण पर्यटनलाई उकास्न त्यति सजिलो छैन । त्यहाँ व्याप्त अभाव वा असुविधालाई सम्झेर नै मानिस जाने मन गर्दैनन् । त्यसको लागि यातायात, आवास र खानेकुरा त मूलभूत रूपमै नभई नहुने कुरा हुन् । सुविधायुक्त आवास स्वादिष्ट खाना योजनालाई केही समयको लागि थाँती राखेर भए पनि यातायातको विकास भई नसकेको क्षेत्रमा छरिएर रहेका ग्रामीण क्षेत्रमा पदयात्राका रूपमा पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । त्यहाँको आकर्षणहरूको व्यापक प्रचारप्रसार गर्न सके क्रमिक रूपमा आन्तरिक र अन्तर्राष्ट्रिय पर्यटक बढाउन सकिन्छ । पर्यटन क्षेत्रबाट नेपालमा सन् २०१८ सम्ममा करिब १ लाख ६० हजार मानिसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी पाएका थिए । तर कोभिड १९ का कारण यो क्षेत्र अहिलेसम्म पनि लयमा आउन सकेको छैन । ग्रामीण पर्यटकले विभिन्न प्रकारका घरेलु तथा साना उद्योगको विकासमा टेवा पुग्छ । त्यस्ता उद्योगबाट उत्पादित हस्तकलाका सामाग्रीहरू आन्तरिक तथा बाह्य पर्यटकहरूले खरिद गर्छन् । ग्रामीण गरिबी, असमानता, बेरोजगारी, प्राविधिक तथा आर्थिक पछौटेपन जस्ता समस्या समाधान गर्न यसले सहयोग गर्छ ।

-रातोपाटी डटकम

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : कमजोर भएको अनुभूति हुनेछ । रिस नियन्त्रण गरे राम्रो प्रतिफल पाइन्छ।
वृष : रोकिएका काम पुनः सुरु हुन सक्छन् । कारोबारबाट फाइदा हुनेछ ।
मिथुन : हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख मिल्नेछ ।
कर्कट : व्यवसायका क्षेत्रमा प्रगति हुनेछ । कान्ति र शान्ति छाउनेछ ।
सिंह : विचार पुऱ्याएर निर्णय लिनु राम्रो होला । दोधारको अवस्था सिर्जना हुनसक्छ ।
कन्या : समारोहमा सरिक हुने सम्भावना छ । प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ ।
तुला : रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । यात्राको सम्भावना छ ।
वृश्चिक : चिताएको कामले तीव्रता लिनेछ। नोकरीबाट मानसम्मान मिल्नेछ।
धनु : दाम, इनाम र प्रतिष्ठाकमाउने बेलाछ । स्वादिष्ट भोजन पाइनेछ ।
मकर : परिवारजनको साथले नयाँ आशा पलाउनेछ । कार्यको योजना बन्नेछ ।
कुम्भ : अवसर आउनाले मन प्रसन्न रहनेछ । मानसम्मान पनि पाइनेछ ।
मीन : जटिल काम सम्पादन हुन सक्छ । प्रतिस्पर्धामा विजयी भइनेछ ।

बाल बाटिका

बाल कथा

सर्प र किसानको त्यो दुस्मनी



> दिनभर खेतमा कडा परिश्रम गर्नुपरे पनि उनीहरूको जीवन सुखी थियो, सुखपूर्वकले जीवन व्यतीत गर्दै आएका थिए । यत्तिकैमा एक दिन उनी खेतमा जाँदा सानो छोरा पनि सँगै गएको थियो । छोरा खेतको गरामा खेल्न थाल्यो उनी काम गर्नतिर लागे । खेल्दै जाँदा संयोगवश उनको छोराबाट सर्पको पुच्छर कुल्चन पुगेछ । यद्यपि उनको छोराले जानीजानी कुल्चेको थिएन । अचानकै गोडा लाग्न पुगेको थियो तर सर्पले सहन सकेन र गोडामा डसिदियो । यहाँ सर्पको पनि गल्ती थिएन । सर्पले आफूलाई आघात नगरे कसैलाई पनि डस्दैन तर जसले आघात गर्छ उसलाई भने बाँकी राख्दैन । यो सर्पको जन्मजात स्वभाव हो । उसले आत्मरक्षाका खातिर यस्तो गर्ने गर्छ । यहाँ पनि यस्तै भएको थियो । यसो त सबै सर्प बिखालु हुँदैनन् । निकै कम सर्प मात्र बिखालु हुन्छन् तर संयोगवश त्यस बालकलाई डस्ने सर्प भने बिखालु नै परेको थियो । जब उसले डस्यो कडा बिखका कारण बालकको तत्कालै मृत्यु भयो ।

दुष्मनको अर्थ हुन्छ नराम्रो मन । यसो त मन आफैँमा राम्रो र नराम्रो भन्ने हुँदैन तर कसैले हानि नोक्सानी गरायो, नराम्रोसित गाली गऱ्यो वा केही भन्यो भने जसमाथि त्यस्तो भएको छ वा गरिएको छ उसको मनमा त्यस्तो गर्ने वा भन्ने मानिसप्रति नराम्रो धारणा बन्छ र त्यही मन नराम्रो बन्छ । अनि यसैबाट सुरु हुन्छ दुष्मनीको शृङ्खला । जब यसरी मनमा कसैप्रति नराम्रो धारणा बन्छ तब त्यो कहिल्यै मेटिन्न । उसले त्यस्ता मानिसलाई माफीसम्म दिन त सक्छ तर उसप्रति बनेको नराम्रो धारणा भने मेटिएको हुन्न र कुनै पनि बेला त्यो आफ्नो रूपमा प्रकट हुन सक्छ ।

धेरै पहिलेको कुरा हो । कुनै गाउँमा एक जना किसान थिए । उनी हरदिन खेतमा कडा परिश्रम गरी परिवारको पेट पाल्थे । यसैबाट उनी पनि सन्तुष्ट थिए उनको परिवार पनि सन्तुष्ट थिए । दिनभर खेतमा कडा परिश्रम गर्नुपरे पनि उनीहरूको जीवन सुखी थियो, सुखपूर्वकले जीवन व्यतीत गर्दै आएका थिए । यत्तिकैमा एक दिन उनी खेतमा जाँदा सानो छोरा पनि सँगै गएको थियो । छोरा खेतको गरामा खेल्न थाल्यो उनी काम गर्नतिर लागे । खेल्दै जाँदा संयोगवश उनको छोराबाट सर्पको पुच्छर कुल्चन पुगेछ । यद्यपि उनको छोराले जानीजानी कुल्चेको थिएन । अचानकै गोडा लाग्न पुगेको थियो तर सर्पले सहन सकेन र गोडामा डसिदियो । यहाँ सर्पको पनि गल्ती थिएन । सर्पले आफूलाई आघात नगरे कसैलाई पनि डस्दैन तर जसले आघात गर्छ उसलाई भने बाँकी राख्दैन । यो सर्पको जन्मजात स्वभाव हो । उसले आत्मरक्षाका खातिर यस्तो गर्ने गर्छ । यहाँ पनि यस्तै भएको थियो । यसो त सबै सर्प बिखालु हुँदैनन् । निकै कम सर्प मात्र बिखालु हुन्छन् तर संयोगवश त्यस बालकलाई डस्ने सर्प भने बिखालु नै परेको थियो । जब उसले डस्यो कडा बिखका कारण बालकको तत्कालै मृत्यु भयो । आफ्नो एक मात्र छोरो मारेको देखेर किसान निकै रिसाए । त्यही रिसका कारण उनले आँखा देखेनन् र बन्चरो प्रहार गरी सर्पको पुच्छर काटिदिए । उद्देश्य त मार्ने नै थियो तर सर्पले टाउको लुकाउन भ्याएकाले पुच्छर मात्र काटिन पुगेको थियो । पुच्छर काटिएपछि सर्प पनि निकै रिसायो र किसानको गोठमा छिरेर सबै गाई भैँसीलाई डसेर मारिदियो । त्यसपछि किसान निकै डराए । किनभने उनीहरूबिच प्रतिशोधको डरलाग्दो शृङ्खला सुरु भइसकेको थियो । उनले सके उनी गर्ने सर्पले सके सर्पले गर्ने अवस्थामा पुगिसकेको थियो । यसलाई यस्तै अवस्थामा रहन दिनु भनेको थप नोक्सानी निम्त्याउनु थियो । त्यसैले किसानले आपसमा मित्रता कायम गर्ने विचार गरी सर्पको दुलो नजिक एउटा कचौरामा दूध राखिदिँदै भने-

'सर्प भाइ ! हामीबाट नहुनुपर्ने भयो । रिसको झोकमा मैले पनि आँखा देखिनँ तिमीले पनि देखेनौ । फलत: हामी दुवैको नोक्सानी भयो । यसलाई यस्तै अवस्थामा राख्नु भनेको थप नोक्सानी निम्त्याउनु हो । त्यसैले जे भयो भयो । यसलाई एउटा नमिठो सपना ठानी दुवैले बिर्सिदिऊँ र मित्रताको हात बढाऊँ । तिम्रो दुलो नजिक दूध राखिदिएको छु । आशा छ यसलाई खाएर मेरो प्रस्ताव स्वीकार गर्नेछौ ।'

किसानको त्यस किसिमको कुरा सुनेपछि सर्पले दुलोभित्रबाटै भन्यो-

'किसान भाइ ! दूधको कचौरा लिएर तुरुन्तै यहाँबाट गइहाल । अन्यथा अहिले नै हामीबीच थप नोक्सानी हुन सक्छ । मेरो कारण तिम्रो छोराको मृत्यु भएको छ न त्यो तिमी बिर्सन सक्छौ । तिम्रो कारण मैले पुच्छर गुमाउनुपरेको छ न यो म बिर्सन सक्छु । त्यसैले अब हामीबीच कुनै पनि मित्रता कायम हुन सक्दैन । बलात् कायम गऱ्यौँ भने पनि त्यो अभिनयबाहेक केही हुँदैन । त्यसैले राम्रो यही हुन्छ कि तिमी आफ्नो बाटो लाग म आफ्नो बाटो लाग्छु ।' सर्पको कुरा सुनेर किसान निराश भएर घरतिर लागे । संयोगवश त्यसपछि उनीहरूबिच त्यस्तो अप्रिय जम्काभेट भने भएन । थाहा छैन यहाँ केले काम गरेको थियो । सायद किसानको त्यही सुझबुझले काम गरेको पो थियो कि । धेरै पहिलेदेखि पढिँदै र सुनिँदै आएको यस कथामा के कति सत्यता छ त्यो त थाहा छैन तर एक पटक कायम भएको दुष्मनीलाई समय र परिस्थिति अनुसार क्षमासम्म गर्नसम्म गर्न त सकिन्छ बिर्सन सकिन्न भन्ने कुरा भने सत्य हो । त्यसैले त्यस्तो अवस्था आउन नदिनु नै बुद्धिमानी हुनेछ ।

-रातोपाटी डटकम

व्यङ्ग्य निबन्ध

जीवनाथ धमला

अक्षरको बिस्कुन

मनलाई अक्षरहरूमा पोख्ने बानी आफुलाई पुरानो जस्तो लाग्न थालेको छ । निकै भो त्यसो गर्न थालेको । मन लाग्यो कि अक्षरमा पोखिने केहीबेर गीतमा, संस्मरणमा अनि केहीबेर आलेखमा अल्झने गरेको छु । आलेखमा मनलाई पोख्ने अलिबढी खोजीनिती गर्नुपर्छ । अलिकति बुद्धीले काम गर्नुपर्छ । बुद्धि त पुऱ्याएँकि पुऱ्याइँन, तर केही आलेखहरूमा बरालिएँ । कविता र निबन्धमा भने मनलाई त्यति बाँधिरहनु पर्दैन । धेरै, थोरै जति मनलाग्छ पोखिए भयो, जस्तो मन लाग्छ छर्किए भयो । अक्षरमा पोखिएको बेला अलिकति उकुस-मुकुसको अनुभव भने हुने गर्छ तर त्यो उकुस-मुकुस आफै पोखिइसके पछि आफै हराउछ तर फेरि अर्को आशङ्खा सँग-सँगै उत्पन्न हुन्छ । आफुले मिलाएर राखेका अक्षरहरूलाई अरुले लत्पतिएका बाँङ्गाटिङ्गा भनिदिने हुन् कि, अक्षरका ताँती मात्रै लामो भएर ती कतै पनि नपुग्ने पो हुन् कि, ख्याउटिएर मरञ्च्यासे जस्तै धुक्धुकी मात्र रहने हुन् कि, वा गजधम्मे मोटिएर अरुले छुन पनि हिच्किचाउने हुन्, अक्षरमा पोखिने बेलामा निकै तारतम्य मिलाउनु पर्ने रहेछ । जसरी तसरी पोख्यो, सुकायो, फेरि आफुलाई ठीकै लागेका अक्षरका बिस्कुनहरू अरूलाई, देख्नेलाई पनि ठीकै लाग्छन् भन्ने छैन ।

देख्नेले उसको इच्छा अनुसार देखिदिन्छ र पो माऱ्यो । आफुले ठाने अनुसार देख्नेले दृश्य ठानिदिए त पुगिहाल्थ्यो नि । तर उस्को मन र आफ्नो मन कहाँ एउटै हुन्छ र । आ ! जसरी उस्को खुशी भन्दै जागर लागेको बेला मनलाई अक्षरमा पोखिदिने गरेको छु । यसरी मनलाई पोखेपछि केहीबेर हलुका अनुभव हुँदोरहेछ । आखिर अलिकति सन्तोष त हो नि । फेरि पनि केही बेरलाई यही मन भुइँमा न भाँडामा भएर अरुलाई सुनाउनु पर्ने, देखाउनु पर्ने, देखिदेवस, बोलिदेवस र लेखिदेवस् भन्नुपर्ने ! के-के न गरेजस्तो गरेर उफ्रिनु पर्ने, सगरमाथाको टुप्पैमा चढेर रेकर्ड राखेजस्तो गरी स्वाँग पार्नुपर्ने ! काम भने केही होइन है आफ्नो, २/४ हरफ केही केही कोरिटोपलेको हो । त्यतिकै भरमा त्यत्रो उखरमाउलै मच्चाउनु पर्ने त केही जरुरी होइन, तर यही मन न हो त्यस्तै गर्न तम्सिइहाल्दो रहेछ । बेलाबखत, कसैले आफ्ना अक्षरमाथि 'राम्रो' भनिदिएको छ भने पुक्किएको छु । बेलाबखत, कसैले छेउ न टुप्पाका अक्षरका ताती ! के कलम घिसारेको त्यस्तो भनेर छड्के हानेको छ भने थच्चिएको छु । सक्नेले छोड्ला उसको खुशी । आफु त कुनै महाशक्ति आएर हातमा अँठ्याउछ, घाँटीमा समातेर घोर्क्याउँछ भने पनि जसोतसो कलम घिसारेर अक्षरको टाटाटुटी बनाउन पछि हटिँदैन भन्ने साहस पो आइसकेको छ । धाक लाउन त सजिलो छ, जसले पनि सक्छ । अरुलाई धाक लाएर मात्र के गर्ने ! आफुले लेखेको कुरा राम्रो, छरितो, फुर्तिलो, खाइलाग्दो, आशलाग्दो, लोभलाग्दो र हेर्दै धपधप बलेर तप्पप्प रस चुहिरहे जस्तो भए पो अरूका अगाडि फुइँ लाएर नाक घोर्क्याउन सुहाउँछ, होइन भने फुइँ लाउनुको कुनै तुक नै छैन । यसो आफुले यसअघि सुकाइटोपलेका अक्षरहरूको बिस्कुनलाई टिठ्याउँदै हेर्छु, कतै ढुङ्गा मिसिएको देख्छु, कतै बालुवाका कण टल्किरहेको देख्छु, कतै घुन लागेर अक्षर मक्काइसकेका छन्, कतै भुसुना झुम्मिएका छन्, कतै झिँगा भन्किरहेका छन् त कतै धुलियाले खाइसकेका छन् । आफुले राम्रा, आला अक्षरका बिस्कुन भनेर, गजक्क परेर यस बेलासम्म ढुक्कले बसिरहेको त त्यस्तो होइन पो रहेछ । आफुले सुकाएको बिस्कुन देखेर आफैलाई खल्लो लाग्न पो थालेको छ आजकल । अरुका आँखाको तातो रापमा रापिएर, अरूका मगजको चाल्नीमा चालिएर, अरुका बुद्धि र विवेकको तराजुमा तौलिएर मात्र पो अक्षरहरूको वजन निर्धारित हुँदोरहेछ । तिनको शक्तिको परीक्षण हुँदोरहेछ । आफुले बल्लतल्ल बटुलबाटुल गरेर, गेडा गेडा गनेर बिस्कुन लाएका अक्षरहरूको पुचुर्कोलाई म निकै वजनदार, दमदार र रौनकदार भनेर गजक्किन्थेँ । किन त्यसो हुन्थ्यो र ! मैले त लेख्नुको नाममा नाउँ मात्रैका अक्षरहरू मात्रै बग्रेल्ती थुपारेँछु । सिर्जना गरेँ भनेर सिर्जनाकै इज्जतलाई आफ्नो अनुकूल अर्थयाउँदै घाममा टट्याँएछु, आफुले सुकाएको सानु नाङ्ले बिस्कुनलाई ठूलो खलामा सुकाएको भन्ने भ्रम छरेको रहेँछु, आफ्नो मात्र बिस्कुन अब्बल दर्जाको भन्दै तुरुँदै छरछिमेकका, इष्टमित्रका, साथीसङ्गीका मिहिनेत र पसिनाले भिजेको बिस्कुनलाई तथानाम गाली गर्दै, हेप्दै हिँडेछु ।

ठूला-ठूला लेखक स्रष्टाका अगाडि यसो २/४ वटा सिर्जना नामका टुहुरे, पिलन्धरे अक्षरहरू शिला खोजेर मरिचे पोको पार्दैमा, सोहोरसाहार गरेर एउटा नाममात्रको पुस्तकरूपी कागजको बिटो निकाल्दैमा लेखक भइने भए किन अर्थोक गर्ने त्यतिकै भरमा ठूलो साहित्यकार, लेखक, विद्वान् भइहालिन्थ्यो नि ! त्यतिकै भरमा ती महान् स्रष्टाहरूलाई सम्झिएको हो र ! त्यसै हुने भए भानुभक्त, मोतीराम, देवकोटा, पौडेल, सम, सूधपा, रिमाल, घिमिरे, पारिजात, सिद्धिचरण आदि महान् साधकहरूलाई किन सम्झिनु ! उनीहरूलाई बिर्से भइहाल्थ्यो नि ! यो तत्वज्ञानको सानु झिल्कोले चस्स पोलेको पनि हो । सिर्जनामा सत्य, शिव र सुन्दरको त्रिवेणी बग्नुपर्छ, अक्षरहरूमा जीवन, समय, कला र अनुभूतिको एकीकृत संगम फैलिनुपर्छ भन्ने अलिकति बोध भएर पनि किन तिनले आफ्ना अक्षरहरूलाई छुन सकेनन् ? यही कठिनतम् प्रश्न अहिले भर्भराउँदो बनेर उभिएको छ । कतैबाट अलिकति बतासको सानु झोक्काले फुर्र उडाएर लैजाने खाल्का अक्षरको बिस्कुनले मेरो हातको कलमलाई गिज्याइरहेको छ । मलाई सुकाएका अक्षरहरूले आँखामा घोचिरहेका छन् । आफैँले जन्माएर सुकाएका अक्षरहरूप्रति बडो करुणा उम्लेर आइरहेको छ । हातपाखुरामा जाँगर हराउँदै गएर समातेको कलम भुइँमा झर्ला कि जस्तै भएको छ । आँखा अन्त जाँदैनन्, बिस्कुन तिरै फर्कन्छन् । भन्न त मनमनै भन्दैछु नि, कमसेकम यिनलाई हावाले नउडाइदिए हुन्थ्यो, आफैले केही नभई दिए हुन्थ्यो ! आफ्ना लागि मात्रै प्यारो लागेर नहुने रहेछ, अक्षरहरू । के मेरा अक्षरहरू पनि घाममा सेकिए, रापले खारिएर, पोलिएर खिरिला, तेजिला भएर बाँचिरहनु सक्लान् त ? के तिनले चर्को घामको पोल्दो तापलाई सहिरहन सक्लान् त ? आजभन्दा भोलिको घाम झन् चर्को हुनसक्छ, त्यसलाई मेरा अक्षरहरूले खप्न सक्लान् त ? अलि पुट्टझैँ देखिएको दानामा आँखा अडिन्छन् । कतै यसको पनि चिरफार, अप्रेसन भयो वा एक्सरेगरियो भने अर्केको गुदी मिसाएको पो रहेछ भन्ने बात लाग्ला कि ? कसैले अर्घेल्याइँ गर्दै, सत्तो सराप गर्दै अँगेनामा हालेर खार्न खोज्यो भने त्यही भित्र खरानीको घूलो पो बन्ने हो कि ? बिस्कुनका अलि नचाउरिएका दाना हेर्दा हेर्दै अनेक चाहिने-नचाहिने आशङ्काले झन् बढी सताउन थालेको छ । फेरि मन दह्रो पारेर अरु नै दानातिर आँखा डुलाउँछु । मनलाई अलिकति थामथुम पार्ने कोसिस गर्छु । कसैले नक्कलै गरेको रहेछ भन्यो भने पनि आफुले जानी-जानी त गरेको होइन नि ! अन्जानमा भयो होला, अरुले पनि त्यसो नगर्ने हुन् र ? आफुमात्रै दोषको भागी त पक्कै हुँइदैन होला पनि भन्छु । अरुको बिस्कुन पनि हेरौं न त भन्दै उठेर यसो अन्यत्र पनि आँखा सोझ्याउँछु । केही बेरलाई चित्त बुझाउँछु । फेरि पनि खुल्दुली लाग्न छोड्दैन । अरुकै जस्तो त हुनु भएन नि आफ्नो बिस्कुन ! एउटै ड्याङको मुलाजस्तो भयो भने त्यसले के सन्तुष्टि देला र ! कसरी फरक देखाउने त, कि भित्र-भित्रै माक्किएकै अक्षरहरू भएपनि बाहिर-बाहिर रंग-रोगन दलेर परबाट हेर्दा चिरिच्याट्ट परेको, आकर्षक पार्नुपऱ्यो । भोजभतेर गरेर केही छिनलाई राम्रो ! राम्रो !! भनाएर पनि सँधैलाई थेग्ने कुरा भएन । एकैछिनलाई त त्यसो गरेर भए पनि बोक्रे इज्जत राख्नु हुन्थ्यो, तर अर्को दिन त फेरि सक्कली कि नक्कली छुट्टइिजान्छ । यसो गर्नुपनि त्यति भरलाग्दो लागेन । हात चिसाजस्तै भएका छन् । के गरौँ, के नगरौँ भएको छ । मन भारी भएर उठ्नै गाह्रो भएको बेला हातले समाएको कलम त भुइँमा पो खसिसकेछ । उठाउन खोज्छु, जाँगरै चल्दैन । बलतल गरेर भुइँबाट कलम टिपेर फेरि केही कोर्न खोज्छु, अगाडिको बिस्कुन झन्झन् खिइँदै गएझैं देखेर कोर्न मन लाग्दैन । आफ्नै अक्षरको बिस्कुनले यसबेला आफैंलाई भन्दैछ, 'होशियार ! जे पायो त्यही ल्याएर यहाँ नमिसा ।' बिस्कुनरूपी अक्षरहरू भन्दैछन्, अरु मरञ्च्याँसे अक्षरहरू थपेर बिस्कुन नलगा, सक्छस् भने खँदिला अक्षर लेख, नत्र तेरो कलम मिल्काइदे ।

-साहित्य संग्रह डटकम

पाल्पा अस्पतालको विकासमा राजनीतिक दलको प्रतिवद्धता

पाल्पा, भदौं ६/पाल्पा अस्पतालको भौतिक पूर्वाधारको विकासमा आफुहरु प्रतिवद्ध भएर लाग्ने जिल्लाका राजनीतिक दलहरुले बताएका छन् । बुधबार पाल्पा अस्पतालले आयोजना गरेको सर्वदलिय बैंठकमा उनीहरुले स्वास्थ्य जस्तो संवेदनशील विषयमा आफुहरु गम्भीर रहेको बताउँदै सरकारी अस्पतालको भौतिक पूर्वधारको विकासमा आफुहरु प्रतिवद्ध रहेको बताएका हुन् ।

संघीय सरकारबाट पाल्पा अस्पतालको भवन निमार्णका लागि १२ कारोड विनियोजन भएपनि जग्गा अभावमा निर्माण प्रक्रिया अगाडि बढ्न सकेको छैन । सरकारी अस्पताल क्षेत्र नजिकै रहेको मोहन कन्या मावि र स्वास्थ्य कार्यालयको जग्गा सट्टा गरी भवन निर्माण गर्ने योजना अस्पतालले अगाडि बढाए पनि सरकारबाट जग्गा प्राप्तिका विषयमा प्रक्रिया अगाडि नबढाई दिदा काम अन्यौल बनेको छ । जग्गा प्राप्तिमा ढिलाई हुँदा आएको बजेट समेत फ्रिज भएर जान सक्ने भएकाले त्यसको विकल्प खोजेर जानुपर्नेमा राजनीतिक दलहरुले जोड दिएका छन् । उनीहरुले मोहन कन्या र स्वास्थ्य कार्यालयको जग्गामा मात्र नअल्झि त्यसको अन्य विकल्प खोजिनु पर्ने बताएका छन् । बैंठकमा जिल्ला समन्वयन समिति पाल्पाका प्रमुख टंकनाथ खनाल, नेपाली काँग्रेसका कार्यवाहक जिल्ला सभापति झपेन्द्र गहिरे, नेकपा एमालेका अध्यक्ष धनेन्द्रराज घिमिरे, नेकपा माओवादीका जिल्ला अध्यक्ष राजेन्द्र विक, सचिव मथुरा ढकाल, राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष सुमन गैरे, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी, राप्रपाका नेता धुर्व खाती, तानसेन नगरपालिकाका प्रवक्ता यादवसिं कार्की, पत्रकार महासंघका जिल्ला अध्यक्ष रेखीराम राना, उपाध्यक्ष भरत शर्मा, प्रेस चौतारीका जिल्ला अध्यक्ष कृष्ण कार्की, सदस्य कृष्ण पोखरेल लगायतले बजेट फ्रिज नहुने गरी तत्काल जग्गाको विकल्प खोज्न आवश्यक रहेको बताए । बैंठकमा उनीहरुले तीन वटा विकल्प अगाडि सारेका छन् । उनीहरुले सारेका विकल्पमा भवन निर्माणका लागि तोकिएको जग्गाको मापदण्ड घटनाउन पहल गर्ने, तानसेन नगरपालिकासँग समन्वय गरी बनदेवीमा बसपार्क निर्माणका लागि छुट्टाइएको केही जग्गाका लागि पहल गर्ने र मोहन कन्या र स्वास्थ्य कार्यालयको जग्गाको लागि पनि आवश्यक पहल गरिने बताएका छन् । अस्पतालका अध्यक्ष गुँरास आत्रेयले राजनीतिक दल, जनप्रतिनिधि र पत्रकारहरुबाट आएका सुझावहरुलाई आत्मसाथ गर्दै अगाडि बढ्ने बताए ।

प्रेस पासको अवधि तीन वर्ष हुने

नेपाल सरकार
GOVERNMENT OF NEPAL
प्रेस प्रतिनिधि प्रमाणपत्र
(PRESS ACCREDITATION CARD)

पाल्पा, भदौ ६/पत्रकारहरुको प्रेस प्रतिनिधि प्रमाणपत्र (प्रेस पास)को अवधि अबदेखि तीन वर्ष हुने भएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागले जारी गर्ने प्रेस पासको अवधि तीन वर्षको हुने भएको हो ।

यसअघि यो प्रमाणपत्रको अवधि एक वर्षको रहेको थियो । छोटो समयमै नविकरण गर्नुपर्दा राजधानीभन्दा बाहिरका पत्रकारलाई समस्या पर्दै आएको थियो । विभागबाट जारी भएका प्रेस प्रतिनिधि प्रमाणपत्र एक वर्षको अवधिका लागि कायम रहने र प्रत्येक वर्ष नवीकरण हुने गरेकोमा अब स्थायी र स्वतन्त्र पत्रकारका हकमा प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि तीन वर्ष कायम गरिने विभागले जनाएको छ । अस्थायी प्रमाणपत्रको हकमा भने साविककै व्यवस्था निरन्तर रहने जनाइएको छ । कानूनमा प्रमाणपत्रको अवधि तीन वर्ष भए पनि विभागले एक वर्षभित्र नवीकरण नगरेपुरानो परिचयपत्र खारेज गर्ने गरेको पत्रकारको गुनासो आएपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले यसमा चासो देखाएकी थिइन् । छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९ को ११(१) मा प्रमाणपत्रको अवधि तीन वर्षको हुने उल्लेख भए पनि अभ्यासमा एक वर्षमै नवीकरण गर्ने प्रचलन रहेकाले त्यसमा सुधार गरेर नियमावलीअनुसार तीन आर्थिक वर्ष नै अवधि बनाउने निर्णयमा विभाग पुगेको हो । त्यस्तै स्वतन्त्र पत्रकारको परिचयपत्र प्राप्ति र नवीकरणका सवालमा पनि गुनासो आएकाले यसमा पनि सुधारका लागि प्रयास थालिएको छ । त्यस्तै विभागले एफएम रेडियो इजाजत/लाइसेन्स प्रतिलिपि पनि अनलाइनमै पाउने व्यवस्था गरेको छ ।

सूचना ! सूचना !! सूचना !!!

यस राष्ट्रिय गौरबको आयोजना कालिण्डकी करिडोर सडकको हर्मिचौरदेखि अर्बेनी सम्मको सडक चौडा तथा निर्माण कार्य गर्न मिति २०८०/०५/०६ गते देखि २०८०/०५/३१ गतेसम्मका लागि तपसिलमा उल्लिखित समय तालिका अनुसार यातायात बन्द हुने व्यहोरा सर्वसाधारण सबैमा जानकारीको लागि अनुरोध छ ।

तपसिल :-

विहान ८:०० देखि ११:०० वजेसम्म
दिउसो १:०० बजे देखि ५:०० बजेसम्म
वेलुका ६:०० बजे देखि १०:०० बजेसम्म

योजना प्रमुख
कालिगण्डकी करिडोर
(गैंडाकोट-राम्दी-मालढुंगा) सडक योजना पाल्पा

खेलकुद समाचार

कुवेतमाथि नेपालको जित

काठमाडौं, भदौ ६/आइसी वुमन्स टी-२० एसिया क्षेत्र छनोटअघिको चारदेशीय सिरिजको दोस्रो खेलमा पनि नेपाल विजयी भएको छ । मलेसियामा भएको खेलमा नेपालले बुधबार कुवेतलाई ३४ रनले पराजित गरेको हो ।

नेपाललाई जिताउन इन्दु बर्माको अलराउन्डर प्रदर्शन रह्यो । उनले ब्याटिङमा १९ बलमा २ चौका सहित २३ रन बनाइन् भने बलिङ तर्फ ४ ओभरमा १० रन खर्चेर ३ विकेट लिइन् । बायोमास क्रिकेट ओभलमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ८९ रन बनाएको थियो । ओपनर पुजा महतो डकआउट हुँदा अर्की ओपनर बिन्दु रावलले २० रन जोडिन् । सम्झना खड्का १, अनुभवी ब्याटर सीता रानामगर १२ बलमा ७ रन, कप्तान रुविना क्षेत्रीले ११ बलमा ५ रन बनाउँदै क्याच आउट भए् । काजोल श्रेष्ठ १८ बलमा १ चौका सहति १९ रन र खुसी ढंगोल ३ बलमा १ रन बनाउँदै अविजित रहे । कुवेतका लागि महियम हैदरले ४ ओभरमा ८ रन खर्चेर ४ विकेट लिइन् । मर्याम ओमारले ३ ओभरमा १० रन खर्चेर २ विकेट लिइन् । प्रियादा मुराली र खादिजा खालिलले एक एक विकेट लिइन् । ९० रनको लक्ष्य पछ्याएको कुवेतले २० ओभरमा ८ विकेट गुमाउँदै ५५ रन मात्रै बनाउन सक्यो । कुवेतका लागि जिफा जिलानीले १९ बलमा १ चौकासहित सर्वाधिक ११ रन बनाइन् । त्यस्तै खादिजा खलिलले २२ बलमा १० रन बनाइन् । अन्य कुनै पनि कुवेती ब्याटरले नेपाली बलर सामु दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालका लागि डेब्यु गरेकी स्पिनर खुशी डंगोलले ३ ओभरमा २ मेडनसहित ३ रन खर्चेर २ विकेट लिइन् । ईश्वरी विष्ट, कविता कुँवर र सीता रानामगरले एक एक विकेट लिए । नेपालले सिरिजको पहिलो खेलमा हङकङलाई ६ विकेटले हराएको थियो । चार देश सम्मिलित सिरिजमा नेपाल २ खेलमा २ जितका साथ ४ अंक बटुली शिर्ष स्थानमा रहेको छ । नेपालले अन्तिम खेल शुक्रबार मलेसियासँग खेल्नेछ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

नेप्से बुधबार पनि उकालो लाग्यो

पाल्पा, भदौ ६/मंगलबार उकालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकले बुधबार पनि निरन्तरता पाएको छ । सेयर बजारका सबै सूचक बढेका छन् । परिसूचक नेप्से अघिल्लो दिनको तुलनामा २९ दशमलव ४७ अंकले बढेर दुई हजार ४५ दशमलव ४५ अंकमा कायम भएको छ ।

नेप्सेमा सूचिकृत दुई सय ७३ कम्पनीको ४२ लाख ३७ हजार ६९ कित्ता शेयर ४४ हजार तीन सय ४० पटक खरिदबिक्री हुँदा एक अर्ब ५१ करोड चार लाख ८८ हजार नौ सय ८४ बराबरको कारोबार भएको छ । सो अवधिमा सबै समूहका उपसूचक हरियो देखिएका छन् । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक दुई सय ७६ दशमलव २९ अंकले र निर्जीवन बीमा समूहको उपसूचक दुई सय ३२ दशमलव २२ अंकले बढेको छ । बैंकिङ समूह नौ दशमलव ५४, विकास बैंक ४३ दशमलव ५५, वित्त ३३ दशमलव ८२, होटल तथा पर्यटन ५७ दशमलव २८ र लगानी समूह एक दशमलव ०७ अंकले बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन ४२ दशमलव ८०, लघुवित्त ६१ दशमलव ८०, म्युचुअल फन्ड शून्य दशमलव १२, व्यापार ५५ दशमलव ४९ र अन्य समूह १३ दशमलव ३७ अंकले बढेको छ । कुथेली बुखारी स्मल हाइड्रोपावरको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ अंकले बढेको छ भने धेरै घट्नेमा सिजिटन्स सुपर-३० म्युचुअल फन्डको शेयर मूल्यमा सात दशमलव ४२ प्रतिशतको गिरावट आएको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै घोराही सिमेन्ट इन्डस्ट्री लिमिटेडको सात करोड ५७ लाख ६५ हजार आठ सय ९४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सोल्टी होटल लिमिटेडको एक लाख ५१ हजार सात सय १३ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई